प्रदेश सरकार

# अर्थ तथा सहकारी मन्त्रालय

लुम्बिनी प्रदेश, मुकाम : बुटवल

## सहकारी विकास तथा गरिबी निवारणसँग सम्बन्धित मन्त्रालयका स्वीकृत वार्षिक कार्यक्रममा सहभागी हुन इच्छुक लुम्बिनी प्रदेशभित्र कार्यक्षेत्र रहेका सहकारी संस्थाहरूले प्रस्ताव पेस गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति :- २०७९।०५।२८**

यस मन्त्रालयको आ.व. ०७९/०८० को तपसिलमा उल्लेख भए बमोजिमका वार्षिक स्वीकृत कार्यक्रम कार्यान्वयन गर्न इच्छुक तोकिएका सहकारी संस्थाहरूले व्यावसायिक योजना सहितको प्रस्ताव यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस मन्त्रालय (०७१-५४००२९) वा सहकारी प्रशिक्षालय बाँके (९८५८०५५१८०) वा सहकारी दर्ता अधिकारीको कार्यालय देउखुरी दाङ (९८४८१०९५८३) मा पेस गर्न यो सूचना प्रकाशन गरिएको छ । प्रस्तावको साथमा पेस गर्नुपर्ने कागजात, अनुदानको सर्त तथा अन्य मापदण्ड **"सहकारी तथा गरिबी निवारण कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७९"** बमोजिम हुने र सोको विवरण यस मन्त्रालयको वेबसाइट (moeap.lumbini.gov.np) बाट प्राप्त गर्न सकिनेछ ।

तपसिल:-

| क्र.सं. | कार्यक्रम | प्रस्ताव पेस गर्न सक्ने सहकारी संस्थाहरू |
|---|---|---|
| १ | सहकारी संस्थालाई प्रविधि र पूर्वाधार निर्माणमा सहयोग | लुम्बिनी प्रदेशभित्र कार्यक्षेत्र भएका बचत तथा ऋण सहकारी बाहेकका सहकारी संस्थाहरू |
| २ | महिला सहकारी संस्थाहरूलाई आवश्यकताको आधारमा IT उपकरण सहयोग | लुम्बिनी प्रदेशभित्र कार्यक्षेत्र रहेका बचत तथा ऋण सहकारी बाहेकका महिला सहकारी संस्थाहरू |
| ३ | आयआर्जन र गरिबी निवारणका लागि महिला उद्यमशीलता प्रवर्द्धन कार्यक्रम | लुम्बिनी प्रदेशभित्र कार्यक्षेत्र रहेका बचत तथा ऋण सहकारी बाहेकका महिला सहकारी संस्थाहरू |

**प्रस्ताव पेस गर्ने अन्तिम मिति :-** २०७९/०६/११ गते कार्यालय समयभित्र (प्रस्ताव पेस गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सोपछि कार्यालय खुलेको पहिलो दिनसम्म)